# ढकारी गाउँपालिकाको गाउँसभाको १३ औ अधिवेशनमा पेश भएको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

## प्रस्तोताः अध्यक्ष, प्रकाश बहादुर साउँद

ढकारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ढकारी, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
मितिः २०८१/०१/२३

ढकारी गाउँपालिकाको गाउँसभाको १३औं अधिवेशन समारोहमा उपस्थित गाउँपालिका उपाध्यक्ष ज्यु, सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु, उपस्थित पत्रकार, सुरक्षाकर्मी र राष्ट्रसेवक कर्मचारी ज्युहरु।

नेपालको संविधान २०७२ मार्फत संघीय लोकतान्त्रीक गणतन्त्रात्मक नेपालको स्थापना भएसँगै राजनीतिक रुपमा संरचना निर्माण भएका स्थानीयतहहरुको राजनीतिक प्रतिनिधित्व मार्फत नागरिकको घरदैलोको सरकारको रुपमा कार्य गरी रहेको सन्दर्भमा केहि वर्ष देखी विभिन्न कारणले देश आर्थिक संकट र महङ्गीको समस्या संग जुधिरहेको छ । यसबाट संघिय, प्रदेश र स्थानीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले संघ र प्रदेशबाट पाउनु पर्ने वित्तिय हस्तान्तरणमा नकारात्मक असर परेको बेला नेपालको संवैधानिक व्यवस्था बमोजिम यस स्थानीय तहको अगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम सम्मानीत गाउँसभा समक्ष पेश गरेको छु। यस अवसरमा स्थानीय सरकारलाई प्राप्त हुँदै आएको रचनात्मक साथ, समर्थन र सहयोगका लागी सम्पूर्ण गाउँपालिका बासीमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमले देशमा परेको चरम आर्थिक संकट, अनियन्त्रित महङ्गी र बढ्दो बेरोजगारीको कारणले थला परेको अर्थतन्त्रलाई गतिशील बनाउदै **समृद्ध पालिका** निर्माण गर्ने विश्वास लिएको छु ।

यस महत्वपुर्ण समयमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जन विद्रोह, जनआन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेत नेताहरु, समुन्नतिको चाहना राख्नु हुने सम्पूर्ण ढकारी गाउँपालिकाबासी जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधानमा उल्लेखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा आर्थिक नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्दाहरु, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, मध्यमकालीन खर्च योजना, ढकारी गाउँपालिकाको आवधिक योजनाबाट प्राप्त मार्गदर्शन सहित गाउँपालिकाको गाउँ, वस्ती - टोल हुँदै वडा समिति र विषयगत समितिहरुको बैठक, राजनीतिक दल लगायत सरोकारवालाहरु सँग छलफल, सामाजिक सञ्जाल र अन्तरक्रिया गरी प्राप्त सुझावहरुलाइ समेत आधार मानी तयार गरिएको छ।

**आदरणीय सभाका सदस्य ज्युहरुः**

अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

- नेपाल सरकारले लिएको **समृद्ध नेपाल सुखी नेपाली** को राष्ट्रिय आकांक्षा अनुरूप गाउँपालिकाको सन्तुलित, समन्यायिक र समावेशी विकास गरी उच्च आर्थिक वृद्धिदर हासिल गर्ने र गरिबी निवारण गर्ने लक्ष्यका साथ ढकारी गाउँपालिकाले लिएको **"स्वास्थ्य, कृषि र पुर्वाधार ढकारीका बलिया आधार"** को नारालाई साकार पार्न, वर्तमान अर्थतन्त्रको संकट, र अनियन्त्रित महङ्गीबाट नागरिकलाई सुरक्षित र सिथिल अर्थतन्त्रलाई गतिशिल बनाउन प्रस्तुत नीति तथा कार्यक्रमले निम्न कार्यक्रमलाई प्राथमिकता दिने नीति लिइएको छ ।

## १. सामाजिक विकास सम्बन्धी नीति

### क.स्वास्थ्य

१.ढकारी गाउँपालिकाका हरेक नागरीकलाई निःशुल्क आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनश्चित गरिनुका साथै उपचारात्मक सेवालाई व्यबस्थित र प्रभावकारी बनाउँदै रक्षात्मक र प्रवर्धनात्मक सेवाहरु क्रमिक रुपमा विस्तार गरी प्रभावकारी रुपमा बस्ति र घरधुरी सम्म पहुँचको सुनश्चित गरिनेछ ।

२.गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागी आवश्यक पूर्वाधार,औषधिजन्य सामाग्री,औषधि, औजार तथा उपकरणको व्यबस्था गरिनेछ।

३.निजि क्षेत्रका स्वास्थ्य सेवा प्रदायक संस्था, अस्पताल र फार्मेसीहरुलाई प्रचलित कानून बमोजिम सेवा प्रवाहको मुलधारमा ल्याई व्वस्थीत रुपमा सेवा सञ्चालन, व्यवस्थापन र अनुगमन गरिने छ ।

४.न्यूनतम सेवा मापदण्ड (MSS) तथा राष्ट्रिय चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा सम्पुर्ण स्वास्थ्य संस्थाबाट गुण्स्तरीय रुपमा प्रवाह गरिने छ ।

५. किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार सुनश्चित गरिनेछ।

६.विपद तथा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनिकरण एवं प्रतिकार्यको लागी बहुपक्षिय सहकार्य गरिनेछ।

७.वातावरणिय प्रभावबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनिकरण तथा व्यवस्थापन गर्न बहुपक्षिय सरोकारवाला संग सहकार्य गरिनेछ।

८.स्वास्थ्य क्षेत्रका प्रगति एवं उपलब्धिहरुलाई संस्थागत गर्दै थप उपलब्धि हाँसिल गर्न आवश्यक समन्वय र सहकार्यमा जोड दिईनेछ।

९.विभिन्न कार्यस्थलमा काम गर्ने कामदारहरुको पेशागत स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ।

१०. स्वास्थ्य सेवाको पहुँच र उपभोगमा बृद्दि गर्न सार्वजनिक, सामुदायिक तथा आवश्यकता अनुसार निजि क्षेत्रसंग साझेदारी गरिनेछ।

११. तथ्यमा आधारित योजना बनाउन र स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न एकिकृत स्वास्थ्य सुचना प्रणालिलाई थप सुदृढ र प्रविधिमैत्री बनाईनेछ।

१२. सरुवा रोग, किटजन्य रोग, पशुपन्छी जन्य रोग, लागुपदार्थ दुर्व्यसनी जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ ।

१३. आयुर्वेद लगाएतका स्वास्थ्य सेवा लाइ थप व्यवस्थित, मजबुत र गुणस्तरीय बनाइने छ ।

१४. सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन अस्वस्थकर जीवनयापन शैलिलाई निरुत्साहित गरी नियमन गरिनेछ । स्वस्थकर जीवनयापन गराउन जनचेतना कार्यक्रम, शाररीक व्यायम र योगा जस्ता कार्यलाई प्रोत्साहन, प्रवर्धन गरिनेछ ।

१५. सबै स्वास्थ्य संस्था, स्वास्थ्य शाखा र पालिकाबाट स्वास्थ्यका तथ्याङ्कलाई बैज्ञानिक ढङ्गले व्यवस्थित गर्न आवश्यकता अनुसार तालिमको र स्थलगत क्षमता अभिवृद्धि गर्दै लैजानुको साथै अनलाईन रेकर्डिङ्क र रिपोर्टिङ्गलाई थप व्यवस्थीत गरिनेछ।

१६. यस ढकारी गाउँपालिकाको केन्द्रमा निर्माणाधिन १० शैयाको अस्पतालको छिटोछरितो काम संचालनका लागी बहुपक्षिय सरोकारवालाहरुसंग समन्वय तथा सहकार्य गरीनेछ।

१७. ढकारी गाउँपालिका अन्तर्गतका सम्पूर्ण लक्षित उमेरका बालबालिकालाई खोपको सुनिश्चितता गरी पूर्ण खोप दिगोपना पालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१८. क्षयरोगका जोखिम समुह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सक्रिय क्षयरोग खोजपडताल कार्यक्रम तथा घरपरिवारका सदस्यहरुको सम्पर्क परिक्षण एवं पाचँ बर्ष मुनिका बालबालिकामा क्षयरोग रोकथाम सम्बन्धि टि.पि.टि कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती, रक्तसञ्चार, उत्प्रेरणा सेवा, न्यानो झोला र १० हप्ता सम्मको निःशुल्क गर्भपतन सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. वाक नेपालको सहयोगमा एच.आई.भि./ए.ड्.स पहिचानका लागी टोल स्तरीय घुम्ति शिविरको संचालन गरिनेछ।

२१. रगत परिक्षण बाट एच.आई.भि./ए.ड्.स. पहिचान भएका बिरामीहरुका लागी औषधि उपचार गर्न ART सेन्टर सम्म जानका लागी यातायात खर्चको लागी पहल गरिनेछ।

२२. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सबै सेवाहरु दिगो विकासका लक्ष्यको अवधारणा अनुसार क्रमश लक्षित कार्यक्रमहरुलाई सुधार गर्दै लगिनेछ।

२३. आवश्यक स्थानको पहिचान गरी स्तनपान कक्ष स्थापना गरिनेछ।

२४. गाउँघर क्लिनिक र खोप क्लिनिकका भवनहरु क्रमिक रुपमा निर्माण गरिनेछ।

२५. गर्भवती संग उपाध्यक्ष पोषण कोसेलि कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२६. ढकारी गाउँपालिका अन्तर्गतका ६ महिना देखि ५ बर्ष सम्मका बालबालिकाहरुलाई पोषण कार्यक्रम अन्तर्गत कुपोषण पहिचानका लागी शारिरीक जाचँ तथा स्क्रिनिङ्ग अभियान संचालन गरिनेछ।

२७. गाउँपालिकाको भौगोलिक बिकटतालाई मध्यनजर गरी कम्तिमा एउटा बर्थिङ्ग केन्द्र तथा सामुदायिक स्वास्थ्य ईकाईको स्थापनाका लागी पहल गरिनेछ।

२८. स्वास्थ्य कर्मीहरुको फिल्ड भत्ता साथै महिला स्वास्थ्य स्वयंसेविकाहरुको यातायात खर्चको सुनश्चितता गरिनेछ।

२९. मेडिक मोबाईल कार्यक्रम निरन्तरताका लागी आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

३०. स्वास्थ्य कर्मीहरुलाई पेशामा उत्साहि तथा प्रोत्साहनका लागी नेपाल सरकारले तोकेको तलब स्केलकोलागी आवश्यक पहल गरिनेछ।

३१. ग्लोबल स्मार्ट हेल्थ (टेलिहेल्थ) कार्यक्रम सञ्चालनका लागी सरोकारवालाहरु संग आवश्यक सहकार्य र समन्वय गरिनेछ।

३२. कम्तिमा १ पटक पालिका स्तरमा निःशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ।

३३. संचालित स्वास्थ्य संस्थाहरु तथा बर्थिङ्ग सेन्टरहरुको आवश्यकतानुसार मर्मत सम्भार गरिनेछ।

३४. आवश्यकताको पहिचान गरी प्लासेन्टा पिट र सुरक्षित खाने पानीको निर्माण गरिनेछ।

३५. भैपरी आउने महामारी तथा आकस्मिक रोग नियन्त्रणका लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ।

३६. कम्तिमा १ जना दक्ष प्रसुति कर्मी (SBA) नभएको स्वास्थ्य संस्थाहरुमा कार्यरत नर्सिङ्ग कर्मचारीहरुलाई तालिमको लागी व्यवस्था गरिनेछ।

३७. प्रजनन् उमेरका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रिय पोषण योजना कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिनेछ।

३८. बहुक्षेत्रिय पोषण योजनाले निर्दिष्ट गरेका उपलब्धि तथा प्रतिफल प्राप्तिको लागी विषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र संवेदनशिल क्रियाकलापहरु संचालन गरिनेछ र महिला बालबालिका

लक्षित कार्यक्रम जस्तैः बालपोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्रि स्थानिय शासन आदी समेतमा बहुक्षेत्रिय पोषण योजनालाई समावेश गर्दै लगिने छ।

३९. पोषण सुधारका लागी बिपन्न समुदायका महिला समुहहरुलाई बिपन्न सदस्यहरुको आयआर्जन सुधार गर्न कार्यक्रम संचालन गरिनेछ।

## ख. शिक्षा युवा तथा खेलकुद

१. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विस्तार गरी विद्यालयलाई पूर्वाधार सम्पन्न बनाउँदै लगिने छ।

२. सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार गर्न नियमित अनुगमन तथा पेसागत सहयोग प्रदान गरिने छ ।

३. बालविकास केन्द्रको अनुगमन गरी आवश्यकता र औचित्यको आधारमा बालविकास केन्द्र समायोजन गरिनुका साथै बालविकास शिक्षकको कार्य सम्पादनमा दक्षता अभिबृद्धि गर्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ। गाउँपालिकाले सञ्चालन गर्दै आएको उपलब्धी परीक्षा, वार्षिक परीक्षा र कक्षा ८ को परीक्षालाई समयानुकुल सुधार गरी थप व्यवस्थित गरिने छ ।

४. विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न स्थानीय स्तरमा उपलव्ध शैक्षिक सामग्रीको निर्माण, संकलन र प्रयोगमा जोड दिइने छ ।

५. विद्यालय बाहिर रहेका बालबालिकाहरुको खोजी गरी विद्यालयमा भर्ना गराई टिकाउका कार्यक्रम संचालन गरिने छ ।

६. विद्यार्थीको सिकाई क्रियाकलापमा उत्प्रेरित गर्न गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ ।

७. सामुदायिक विद्यालयमा दिवाखाजा व्यवस्थापनको लागि उपयुक्त मोडल पहिल्याई कार्यान्वयन गरिने छ। बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत विभिन्न शाखाहरुसँग आवश्यक समन्वय गरी शिक्षालाई बालबालिकाको सरसफाई र पोषणसँग जोड्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

८. गाउँपालिका भित्रका विद्यालयको कार्यक्रम एकरुपताका लागि शैक्षिक पात्रोको व्यवस्था गरी सोही अनुरुप कार्यक्रम संचालन गर्न लगाइने छ ।

९. ढकारी गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा खेलकुद कार्यक्रम संचालन गरी गाउँपालिका स्तरीय खेलकुद कार्यक्रमको आयोजना गरिने छ ।

१०. गाउँपालिका भित्रका विद्यालयहरुमा अध्यापनका लागि आवश्यकता अनुसार स्थानीय विषय वस्तुहरु समेटी कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिने छ ।

११. गाउँपालिका भित्रका विद्यालयहरुमा अध्यापनका लागि स्थानीय पाठ्यक्रमका आधारमा कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तको निर्माण गरि कार्यान्वन गरिने छ ।

१२. गाउँपालिका भित्रको समग्र शैक्षिक क्षेत्रको विवरणहरु अद्यावधिक गरी प्रकाशन गरिने छ ।

१३. सामुदायिक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न क्षमता विकासको कार्यक्रम संचालन गरिने छ ।

१४. विद्यालयको IEMIS Focal Person को क्षमता विकासका लागि ICT तालिमको व्यवस्था गरिने छ ।

१५. गाउँपालिका स्तरीय खेलकूद विकास समितिलाई निरन्तता दिइने छ ।

१६. ढकारी गाउँपालिका भित्र रहेका कुनै एक विद्यालयलाई आवाशीय विद्यालय स्थापना गरिने छ ।

१७. पढ्दै कमाउदै कार्यक्रमको लागि आवश्यक कार्यविधि बनाइ पाइलट प्रोग्राम सञ्चालनमा ल्याइने छ।

१८. डाक्टर, ईन्जिनियर, चार्टर एकाउन्टेन्ट पढ्ने विद्यार्थीहरुका लागि विशेष छात्रवृत्ति उपलब्ध गराइनेछ।
१९. विपन्न लक्षित छात्रवृत्तिलाई निरन्तरता दिइनेछ ।
२०. राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता कार्यक्रम सञ्चालन गरिने छ ।
२१. गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ ।
२२. ढकारी गाउँपालिकामा यूवा तथा खेलकुद विकास समितिको कार्यालय स्थापना गरिने छ ।
२३. ढकारी गाउँपालिकामा खेलकुद नीति तर्जुमा गरी खेलकुद क्षेत्रको संस्थागत विकास गरिने छ ।
२४. खेलाडीहरुको वृति विकास र स्तरोन्नतिका लागि खेलकुद प्रशिक्षण प्रतिष्ठान सञ्चालनमा ल्याइने छ।
२५. राष्ट्रपती/पालिका स्तरिय खेलकुद प्रतियोगितमा उत्कृष्ट प्रदर्शन गरी पदक प्राप्त गर्ने गाउँपालिकाका खेलाडीहरुलाई विषेश सम्मान सहित प्रोत्साहन गरिने छ ।
२६. सामुदायिक विद्यालयमा खेल मैदान निर्माण एवम् स्तरोन्नतिलाई निरन्तरता दिइने छ ।
२७. सामुदायीक विद्यालयहरुमा अनुगमन गरि आवश्यकता अनुसार भवन, खानेपानी तथा शौचालय निर्माण गरिने छ ।
२८. एक वडा एक खेलकुद मैदान निर्माण गरिने छ ।
२९. आवश्यकताको आधारमा बालविकास केन्द्रको स्थापना गरिने छ ।
३०. आवश्यकताको आधारमा एक वडा एक माध्यमिक विद्यालयको स्थापना गरिने छ ।
३१. उत्कृष्ट कार्य गर्ने व्यवस्थापन समिति र शिक्षकलाई पुरस्कृत गरिने छ ।
३२. उत्कृष्ट नतिजा ल्याउने कक्षा ८-१२ सम्मका विद्यार्थीलाई पुरस्कृत गरिने छ ।
३३. घुम्ति प्रधानाध्यापक बैठकहरुको आयोजना गर्दै राम्रा कार्यहरुको अनुकरण गरिनेछ ।
३४. आवश्यकतानुसार व्यावसायिक शिक्षा संचालन गरिनेछ ।
३५. अनुगमनको आधारमा शिक्षाको दरबन्दी मिलान गरि शिक्षक नियुक्ति गरिनेछ ।
३६. आवश्यकताका आधारमा विद्यालय समायोजन गरिनेछ ।

**ग. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीतिः**

१. महिलाको आर्थिक, सामाजिक, राजनीतिक र विकासात्मक क्षेत्रमा अर्थपूर्ण सहभागिता गराई समावेशीकरण तथा मूलप्रवाहिकरण गरि सशक्तीकरण गर्दै दीगो विकासको लक्ष्य हासिल गरिनेछ ।
२. असहाय एकल महिलालाई रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गरिनेछ ।
३. जोखिममा परेका, सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तिकरण गरी स्वावलम्वी बनाइनेछ ।
४. लैंगिक हिंसा, महिला हिंसा, घरेलु हिंसा, बाल श्रमशोषण, बालविवाह र छाउपडी जस्ता कुरितिहरु न्यूनीकरण गरि सामाजिक न्याय तथा सुशासनको प्रत्याभूति दिलाइनेछ ।
५. जनजाती तथा दलित समुदायको विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गरिनेछ ।
६. बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिइनेछ ।
७. बालबालिकासंग सम्बन्धित विभिन्न बाल सहभागितामूलक कार्यक्रमहरु संचालन गरि बाल अधिकार संरक्षण र सम्वर्धन गरिनेछ ।
८. विपन्न, सिमान्तकृत, एकल, दलित र पिछडिएका जेष्ठ नागरिकहरुको सम्मान र संरक्षण गरिनेछ ।

९. विशेष क्षमता भएका व्यक्तिलाई रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गरिनेछ ।

१०. लैंगिक हिंसा निवारण कोष तथा बाल कोषलाई निरन्तरता दिइनेछ ।

११. लक्षित समूहको एकिकृत तथ्यांक संकलन गरी उनीहरुको पहिचान, अर्थपूर्ण सहभागिता र विकासका लाभको समन्यायिक वितरण गरिनेछ ।

१२. ढकारी गाउँपालिकालाई लैंगिक मैत्री, बालमैत्री तथा बालश्रामूक्त बनाउनका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

१३. ढकारी गाउँपालिकामा कार्यस्थलका हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता निर्माण गरि पुर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

१४. लैंगिक समानता तथा सामाजिक समावेशीकरण गर्दै सामाजिक न्याय स्थापना गर्नका लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गरिनेछ ।

१५. एकल महिला कोष स्थापना गरि संचालन गरिनेछ ।

१६. सामुदायिक मेलमिलापका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७. मेलमिलाप केन्द्र गठन गरी सञ्चालनमा ल्याइनेछ ।

१८. न्यायिक समितिका पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. असहाय तथा टुहुरा बालबालिकाहरुलाई सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. कानुनी परामर्श सेवा तथा कुप्रथा न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. बालविवाह न्युनिकरण सम्बन्धी आवश्यक कानून निर्माण गरि कार्यान्वयन गरिने छ ।

**घ. सामाजिक सुरक्षा तथा पञ्जिकरणः**

१. सामाजिक सुरक्षा भत्ता को सन्दर्भमा, सामाजिक सुरक्षा ऐन-२०७५ (संशोधन सहित), सामाजिक सुरक्षा नियमावली-२०७६ (संशोधन सहित) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ अनुसार थप सहज, सुदृढिकरण गरिने छ । साथै सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट विभिन्न समयमा जारी भएका परिपत्रहरु लाई समेत ध्यानमा राखी आवश्यक कार्य गरिनेछ ।

२. सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण साउन १ गते देखि भदौ मसान्त भित्र गर्न/गराउन आवश्यक सहजिकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

३. पञ्जीकरण तर्फ, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन-२०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली-२०७७ (संशोधन सहित) र विभिन्न समयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट जारी भएका परिपत्र अनुसार व्यक्तिगत घटना दर्ता लाई थप सुदृढीकरण तथा घटना घटेको ३५ दिन भित्र निःशुल्क रुपमा अनिवार्य घटना दर्ता गराउने सम्बन्धि आवश्यक सहजिकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

४. व्यक्तिगत घटना दर्ताको आवश्यकता र महत्त्वबारे आम सर्वसाधारणलाई सचेत गराई शत् प्रतिशत घटना दर्ता को लक्ष्य हासिल गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजनाको लक्ष्य प्राप्तिका लागि गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा BRS (Birth registration system) सञ्चालनको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

६. सामाजिक सुरक्षा भत्ता घर-घरमै गएर वितरण गर्नका लागि पहल गरिने छ ।

## २. आर्थिक विकास सम्बन्धी नीति

### क. कृषि तथा पशुपन्छीः

१. ढकारी गाउँपालिकाको कृषि तथ्याङ्क आधारभुत (Baseline ) सूचना तयार गरी GIS मा आबद्ध गरिनेछ ।

२. भविष्यमा आउन सक्ने खाद्यान्न संकट जसको कारणले अति बिपन्न परिवारलाई पर्न सक्ने भोकमरीको दुरवस्थालाई निराकरण गर्न सरकारी तथा गैरसरकारि संस्थाहरु संग सहकार्य गरिनेछ ।

३. खाद्य सुरक्षालाई मध्य नजर गरी निजि (बाझो) जमिनको उपयोग गर्न तोकिएको मापदण्ड निर्धारण गरी व्यावसायिक खेती तथा तरकारी खेति गर्न प्रोत्साहन गरिनेछ ।

४. कृषिजन्य उत्पानमा आधुनिक प्रविधि प्रयोगमा ल्याई व्यावसायिक कृषिलाई प्राथमिकता दिदैं उत्पादनमा बृद्धि गरि आत्म-निर्भर बनाउदैं लगिने छ ।

५. उपयुक्त वडाको छनोट गरी एक घर दश मौरी घार नीति अवलम्वन गरिनेछ र मौरि चरिचरनका लागी घर वरपर फूलजन्य विरुवा रोप्न प्रेणित गरिनेछ ।

६. सुन्तला, कागति, आँप र किवि क्षेत्रको विकास गरिनेछ। कृषि उपजको बजारिकरणको विकास गरिनेछ ।

७. एक गाउँ एक कृषि तथा पशु प्राविधिक व्याबस्थापन गर्न गरिएको साझेदारीलाई निरन्तर्ता दिइनेछ।

८. विभिन्न बालिको विउमा आत्म-निर्भर बनाउन विउ उत्पादन कार्यक्रम अगाडी बढाइनेछ।

९. एक घर एक करेसावारी तथा पकेट क्षेत्रमा व्यावसायिक तरकारी कार्यक्रम अगाडी बढाइनेछ।

१०. **"युवाको लक्ष्य सिप र दक्षतामा आधारित"** कार्यक्रम अन्तर्गत युवालाई उद्यमशिलता तालिम तथा अभिमुखिकरण गोष्ठी संचालन गरी निजि तथा सामुहिक लगानि गरी उत्पादनमा आधारित अनुदानको व्यवस्था गरीनेछ ।

११. कृषकको उत्पादनलाई बजारीकरण गर्न कृषि उपज संकलन केन्द्रलाइ थप व्यवस्थित बनाइने छ।

१२. कृषिको उत्पादन तथा उत्पादकत्व बढाउनका लागी साना सिचाई कार्यक्रमलाई निरन्तर्ता दिइने छ।

१३. पशुपन्छी तर्फका साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) क्षेत्र निर्धारण गरि पशुपन्छी पालन पकेट क्षेत्र निर्धारण गरिने छ ।

१४. ढकारी गाँउपालिका भित्रका कृषकले पालन गरि राखेका पशुपन्छीको संख्याको तथ्यांक संकलन कार्यलाइ अगाडि बढाइ पशुपन्छी बिमा कर्यक्रम सहजिकरण गरिने छ।

१५. पशुपन्छी पालन कृषकलाइ ब्यावसायी बनाइ आर्थिक स्थिति सुधार गर्न दुध मासु र अण्डा उत्पादनमा आत्मानिर्भर हुनका लागि व्यवसायिक बाख्रा भैसि गाई कुखुरा पालन गरि कृषि रोजगार प्रर्वधनका लागि मागमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिने छ।

१६. गाउँपालिका भित्रका पशुपन्छी पालक कृषकका पशु तथा पन्छीमा आकस्मिक रोग लगायत विभिन्न रोगको निशुल्क उपचार सेव पशु स्वास्थ्य तथा खोप व्यावस्थापन गरि घुम्ति शिविर सञ्चालन गरि पशु सेवा शाखामा आधारभुत प्रयोगशाला निर्माण कार्यक्रम अगाडि बढाइने छ ।

१७. स्थानीय बजारमा सञ्चालनमा रहेका दुध डेरि र मासु पसल सुधार गरि व्यावस्थापन सङ्गै पशु आहारा बिकास कार्य गर्न डाले तथा भुई घास को बिउ बेर्ना उत्पादनका लागि नर्सरी तथा स्रोत केन्द्र स्थापना गर्न आवश्यक पहल गरिने छ ।

१८. उत्कृष्ट कृषक पुरस्कार वितरण कार्यक्रम सञ्चालनमा ल्यइनेछ ।

१९. आयातलाई प्रतिस्थापन गरि निर्यातलाई प्रोत्साहन गर्न आयातित तरकारी बिक्रि बितरणमा प्रतिबन्ध लगाइनेछ।

२०. पशुपन्छी आदिबाट मानव जीवनमा सरुवा हुने माहामारि जन्य विभिन्न रोगको रोकथाम तथा नियन्त्रण सम्बन्धि सचेतना मुलक कार्यक्रम सन्चालन गरिने छ ।

२१. पशुपन्छीजन्य बस्तुको उत्पादन वृद्दी गर्न पशुपन्छी को नश्ल सुधार गरि कृत्रिम गर्भाधान कार्यक्रम लाइ प्रभावकारि ढंग बाट सन्चालन गरिने छ ।

२२. स्थानीय जातको गाई (अछामी नौमुठे) गाई पालन गर्नका लागि स्रोत संरक्षण गरि गाई पालक कृषक लाइ अनुदान कार्यक्रमका लागि आवश्यक तयारि गरिने छ ।

२३. एक वडा एक नमुना पशुपन्छी पालन कार्यक्रम सञ्चालन गरि गाँउपालिका स्तरमा पशुपन्छी पालन नश्ल स्रोतकेन्द्र स्थापना गरिने छ।

२४. सरकारी तथा गैर सरकारी संस्था संग समन्वय गरि बाख्रा, कुखुरा, राँगो, बोका, माछा, बंगुर बितरण गरिने छ।

२५. सरकारी तथा गैर सरकारी संस्था संग समन्वय गरि गोठ/खोर सुधार कार्यक्रम अगाडि बढाईने छ।

२६. पशुसेवा शाखाबाट दिइने सेवालाई थप गुणस्तरीय बनाउन २४ सै घण्टा शाखाबाट सेवा विस्तार गरिदै लगिनेछ ।

२७. भैसी निकासी पैठारीलाई गरिएको प्रतिबन्ध लाई निरन्तरता दिइने छ ।

**ख. सहकारी सम्बन्धी नीतिः**

१. गाउँपालिका भित्र दर्ता गर्न चाहने सहकारी संस्थाहरुलाई पूर्व सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

२. विभिन्न निकायसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

३. सहकारी संघसंस्थाहरुको नियमन प्रवर्धनमा संलग्न कर्मचारीहरु सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सहकारीका कर्मचारीहरु र सदस्यहरुको लागि तालिम, गोष्ठी, शिक्षा, अनुभव आदान प्रदान लगायत क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. सहकारी संघ संस्थाहरुको नवप्रविधि प्रवर्धनमा सघाउ पुर्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

५. सहकारी संस्थामार्फत कृषिजन्य उत्पादनको बजारीकरणमा सहयोग पुर्याउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. ढकारी गाउँपालिका अन्तर्गत कृषि सहकारी गठन नभएका वडाहरुमा सम्भाव्यता अध्ययन गरी कृषि सहकारी गठन गर्ने प्रक्रिया अगाडि बढाइनेछ ।

७. सहकारी संस्थाहरुको अनुगमन, नियमनमा जोड दिइनेछ ।

**ग. लघु उद्यम विकास तर्फः**

१. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सृजना गरिने छ र उद्यमिको स्तरन्नोतिका लागि आवश्यकता पहिचान गरि उचित सीप विकास तालिमको व्यवस्था गरिने छ ।

२. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नको लागि प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने छ ।

३. स्थानीय स्तरमा रहेको कच्चा प्रदार्थ हरूलाई प्रयोग गरि समुहद्धारा सीप विकास तालिम प्रदान गरिने छ।

४. स्थानीय स्तरमा रहेका उद्योगहरुको अनुगमन गरि आवश्यकता बामोजिम अनुदानको व्यवस्था गरिने छ।

५. ढकारी गाउँपालिकामा रहेका उद्यमीहरुले उत्पादन गरेका वस्तुको अनुगमन गरि बजारीकरण गर्न सहयोग स्वरुप राहात तथा अनुदानको व्यवस्था गरिने छ ।

६. बैदेशिक रोजगारबाट फर्केका यूवाहरुलाई उद्यमशील बनाउन आवश्यक अनुदानको व्यवस्था गरिने छ।

**३. सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीतिः**

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी पार्श्वचित्र तयार गरिने छ ।

२. गा.पा.को कार्यालय, शाखा तथा वडामा सेवाप्रवाहलाई थप छिटो छरितो र प्रभावकारी बनाउन सूचना तथा प्रविधिको उच्चतम प्रयोग गरिनेछ।

३. पदाधिकारी एवम् कर्मचारीहरुको क्षमता विकासमा टेवा पुर्याउन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ ।

४. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिबद्ध, पारदर्शी र उत्तरदायी बनाइनेछ ।

५. ढकारी गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको वृत्ति र विकासको लागि कर्मचारी सुरक्षाकोष स्थापना गरिनेछ र सो कोष मार्फत स्थायी कर्मचारीले प्राप्त गर्ने निवृत्तिभरण र उपदान, औषधी उपचार खर्च, सहुलियत व्याजदरमा ऋण प्रदान, सन्तति छत्रवृत्ति लगायतका विषयहरु समावेश गरि कार्यान्वयनमा लगिने छ ।

६. ढकारी गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुको वृत्ति र विकासको लागि सामाजिक सुरक्षा कोषमा सहभागि हुने अवसर प्रदान गरिने छ । सो कोषमा सहभागी हुने कर्मचारीको कोष कट्टि गरी कट्टि भए वापतको थप रकम गाउँपालिकाले थप गरी सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने व्यवस्था गरिने छ ।

७. ढकारी गाउँपालिकामा कार्यरत इन्जिनियरिङ्ग सेवा समुहका प्राविधिक कर्मचारीहरुका लागी आवश्यक कार्यविधि निर्माण गरि कानून बामोजिम पाउनुपर्ने फिल्ड भत्ताको व्यवस्था गरिने छ ।

८. ढकारी गाउँपालिकामा कार्यरत कर्मचारीहरुका लागी उपयुक्त कार्यविधि बनाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

९. O&M Survey गरि आवश्यक शाखाको पहिचान गरि O&M प्रतिवेदन बमोजिमका शाखाको स्थापना गरि आवश्यक कर्मचारीको व्यवस्थापन गरिने छ ।

१०. आन्तरिक लेखा परीक्षण कार्यविधि तयार बनाई कार्यान्वयन गरिनेछ ।

११. नियमितता, कार्यदक्षता, मितव्ययिता र प्रभावकारिताको आधारमा नियमानुसार प्रत्येक त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरिनेछ ।

**४. वन, वातावरण, जलवायु, विपद व्यवस्थापन सम्बन्धी नीतिः**

१. ढकारी गाउँपालिका अन्तर्गत मिति २०७९-०५-३१ गतेको पहिरोले भत्किएका घरहरुको पुनर्निर्माणको लागि २५ जना व्यक्तिहरुको सम्झौता भईसकेको हुँदा जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ बमोजिम गाउँपालिकाले बेहोर्नुपर्ने १० प्रतिशत रकम सुनिश्चित गरिने छ ।

२. बाढी पहिरो, आगलागी, भू-कम्प लगायतका प्राकृतिक एवम् मानविय विपद्हरुको बारेमा जनचेतना अभिवृद्धि गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ ।

३. खानेपानीको मुहान जोगाउन आवश्यक स्थानहरु पहिचान गरि रिचार्ज पोखरीको निर्माण गरिनेछ ।

४. वृक्षारोपणका कार्यक्रमहरु सञ्चालन गरिने छन ।

५. बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोप बाट पिडित नागरिकहरुका लागी विशेष राहात प्याकेजको व्यवस्था गरिने छ ।

**५. भौतिक पुर्वाधार सम्बन्धी नीतिः**

१. गाउँपालिका स्तरिय मुख्य सडक आगामी १ वर्ष भित्र ग्रावेल गरिने छ ।

२. गाउँपालिका स्तरिय सडक आवश्यकता अनुसार मर्मत तथा सन्चालन गरिने छ ।

३. आगामी ५ बर्ष भित्र गाउँपालिकाको मुख्य सडक पक्की बनाउने र रणनीतिक सडकको लागी आवश्यक सडक बिस्तारको लागी संघ र प्रदेश सरकार सँग माग गरिने छ ।

४. गाउँपालिका बस सञ्चालनको लागि आवश्यक पूर्वाधार निर्माण गर्ने र आगामी आ.व भित्र गाउँपालिका स्तरीय प्रत्येक वडा भइ जाने बस सञ्चालनमा ल्याइने छ ।

५. गाउँपालिका अन्तर्गतका सम्पुर्ण टोललाई सडक सञ्जालसंग जोड्ने नितिलाइ निरन्तरता दिइएको छ ।

६. सर्वे तथा प्राविधिक ल्याव स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइने छ।

७. प्रत्येक घरमा विद्युत सेवाको उपलब्धता सुनिश्चित गरिने छ ।

८. ढकारी गाउँपालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय महत्वका मठ, मन्दिर तथा क्षेत्रहरुको बिकास, संरक्षण तथा प्रचार प्रसारका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

९. बिद्यालय पूर्वाधार बिकास तर्फ ढकारी गाउँपालिका भित्रका सम्पुर्ण सामुदायिक बिद्यालयहरुमा भवन अपुगको समस्या लाई समाधान गर्न आवश्यक व्यवस्था गरिने छ ।

१०. ढकरी गाउँपालिका वाड नं १ मा नमुना चिस्यान गृह निर्माण गरिने छ ।
११. सूचना प्रविधी ल्याव व्यवस्थापना गर्न र डिजिटल लाइब्रेरी निर्माणका लागी आवश्यक व्यवस्था गरिने छ ।
१२. ढकारी गाउँपालिका भित्रको फोहरमैला व्यवस्थापन गर्न डम्पिङ साइट निर्माणको लागी आवश्यक व्यवस्ता गरिनेछ ।
१३. सम्पुर्ण वडा कार्यालयहरुको भवन निर्माणको कार्य आगामी २ बर्ष भित्र सम्पन्न गरिने छ ।
१४. ढकारी गाउँपालिका भित्र १ टोल १ वृहत खानेपानी परियोजना निर्माण गरिनेछ।
१५. वडा स्तरिय खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गरि कार्यान्वयन गरिने छ ।
१६. पर्यटकिय सम्भावना भएका स्थलहरुको अध्ययन गरि आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।
१७. आवश्यकता अनुसार झुलङ्गे पुलहरुको निर्माणका लागि संघ र प्रदेश सरकार तथा अन्य राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्था हरु संग साझेदारी गरिनेछ ।
१८. ढकारी गाउँपालिका भित्र वाढी पहिरोको जोखिममा रहेका कृषि योग्य जमिनको संरक्षणका लागि आवश्यक तट्बन्धन निर्माण गरिनेछ ।
१९. आवश्यकता तथा स्रोतको सुनिश्चित गरि गाउँपालिका क्षेत्रका विभिन्न स्थानहरुमा सार्वजनिक चौतारी निर्माण गरिने छ।
२०. आवश्यकता तथा स्रोतको सुनिश्चित गरि गाउँपालिका क्षेत्रका विभिन्न स्थानहरुमा सार्वजनिक मंच निर्माण गरिने छ ।
२१. गाउँपालिका भित्रका सार्वजनिक क्षेत्रहरुमा आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण गरिने छ।
२२. गाउँपालिका भित्रका खरको छानो भएका घरधुरिको विवरण संकलन गरि खरछाना मुक्त गर्ने अभियान सञ्चालन गरिने छ ।

**६. राजश्व तथा आन्तरिक श्रोत परिचालन नीतिः**

१. कर संकलनलाई अझ बढी व्यवस्थित बनाउन र कर प्रशासनलाई प्रभावकारी बनाउन समयमा कर तिर्ने, धेरै कर तिर्ने करदातालाई पुरस्कार र भाका नाघी कर बुझाउने करदातालाई दण्डको व्यवस्था गरिनेछ ।
२. संरचना निर्माण गर्दा नक्सा पास अनिवार्य गरिनेछ।
३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ ।
४. वडा कार्यालयहरुसँग समन्वय गरी बहाल करलाइ थप प्रभावकारी बनाउन घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ ।
५. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन र प्रशोधन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ ।
६. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको फोन नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित् गर्ने नीति लिइनेछ ।
७. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

८. वित्तिय संघीयताको मूल मर्म स्थानीय तहका सरकारहरु स्वयंको वित्तिय क्षमता मार्फत आफ्नो सरकार सञ्चालन गर्न सक्षम हुनुपर्दछ भन्ने नै हो। सेवा प्रवाहमा सन्निकटताको सिद्वान्त र वित्तिय व्यवस्थामा सक्षमताको सिद्वान्त बमोजिम कार्य गर्नु पर्ने भएको हुँदा वित्तिय रुपमा सबलता तथा सक्षमताको विकासका लागी उचित अभ्यास गरिनेछ ।

९. तोकीएको कर तथा गैरकरको उठति कार्यका लागी समुदाय स्वयं र जनप्रतिनिधीहरुलाई बढी जिम्मेवार बनाउने नीति अख्तियार गरिनेछ । नागरिकले तिर्ने कर र गाउँपालिकाले नागरिकलाई प्रदान गर्ने सेवा-सुविधाका बीचमा प्रत्यक्ष सम्बन्ध कायम हुने संयन्त्रको विकास गरिनेछ। कर सिर्जना, कर दायित्व र कर लाभका विषयमा प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।

१०. पहाडी विकट जिल्लामा रही अति दुर्गमताको दृष्टिकोणले (क) वर्गमा पर्ने यस ढकारी गाउँपालिकामा आर्थिक गतिविधिले गति लिन नसकेको र जनतामा कर तिर्ने बानीको विकास भैनसकेको अवस्थामा जनतामा कर तिर्ने बानीको विकास गर्ने वातावरण मिलाइनेछ । यसको लागि यस क्षेत्रमा उपलब्ध स्थानीय श्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक गतिविधिमा वृद्धि गरिनेछ, व्यापारिक गतिविधिमा वृद्धि गरिनेछ, करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवम् सचेतना अभिवृदृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ, राजश्व चुहावटलाई नियन्त्रण गरिनेछ ।

११. राजश्व सुधार कार्ययोजना तयार गरि राजश्वका दर र दायरा अध्ययन गरि आवश्यक सुधार गर्नु पर्ने विषय पहिचान गरि आन्तरिक आय वृद्धि गरिने छ ।

**७. रोजगार सम्बन्धी नीतिः**

१. यस गाउँपालिकामा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरी सार्वजनिक पूर्वाधारको विकास निर्माण सँगै सामाजिक संरक्षणको प्रत्याभूति गराईनेछ।

२. यस स्थानिय तहले सञ्चालन गर्ने योजना तथा आयोजनाहरुमा आवश्यक श्रमिकहरु पूर्ति गर्दा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईनेछ।

३. गाउँपालिका तथा वडागत आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी गरि सञ्चालन गरिनेछ।

४. गाउँपालिका अन्तर्गत सुचिकृत बेरोजगार व्यक्तिहरुलाई स्वरोजगार बनाउन सिपयुक्त बनाउन सिपमुलक तालिम दिई सोही प्रकारका काममा On the Job Training को व्यवस्था गरिनेछ।

५. वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई पूर्व प्रस्थान अभिमुखिकरण लगाएतका अन्य वैदेशिक रोजगार सँग सम्बन्धित तालिमहरुको व्यवस्था गरिनेछ।

६. वैदेशिक रोजगारीबाट फर्किएकालाई उनीहरुको सीप र क्षमताको आधारमा स्थानीय स्तरमै रोजगारी सृजना गरी रोजगारीमा संलग्न गरिनेछ ।

७. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनःश्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्विन गरिनेछ ।

८. ढकारी गाउँपालिकालाई बेरोजगार मुक्त गाउँपालिका बनाउन पहलकदम चालिनेछ ।

९. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिईनेछ । युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संग्लग्न स्थानीय युवा उद्धमीहरुलाई प्रोत्साहित गरिनेछ ।

१०. श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिने छ ।

११. स्थानीय तहको रोजगार रणनीति तर्जुमा गरि रोजगारिको सम्भाव्यता खोजि गरिने छ ।

१२. विभिन्न तालिम प्रदायक संघ संस्था, शाखा कार्यालयहरु तथा वडा कार्यालयहरु मार्फत भएका तालिमहरुको तथ्याङ्क अध्यावधिक गर्ने तथा उक्त तालिमहरुबाट भए गरेका उपलब्धिहरु सँग सम्बन्धित स्वरोजगार तथा रोजगारी चित्रण गरिनेछ।

१३. रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन प्रभावकारी बनाउन यस सँग सम्बन्धित विभिन्न अभिमुखिकरण लगाएतका कार्यक्रम गरिनेछ।

१४. कुनै पनि काम ठुलो या सानो हुदैन भन्ने भावनाको जागृति गराई कामको सम्मान गर्ने परिपाटीको निर्माण गर्दै स्वरोजगार उन्मुख जिवनशैली, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको थप व्यवस्थापन ढकारी गाउँपालिकाको नीति हुनेछ ।

**८. भूमी व्यवस्थापन सम्बन्धी नीति**

१. ढकारी गाउँपालिका अन्तर्गतका सबै वडाको ट्रेस नक्सा उपलब्ध गराइने छ।

२. भूमी शिक्षा सम्बन्धि कार्यक्रम प्रत्येक वडामा गरिने छ।

३. छुट जग्गा दर्तालाई नाप-जाँच गर्न पहल गरिने छ।

४. अव्यवस्थित र भूमीहिन दलित सुकुम्बासी हरुको वडाको विवरण अनुसार भूमी/लालपुर्जा प्राप्तिका लागी आवश्यक कार्य अगाडि बढाइने छ।

५. सरकारी तथा सार्वजनिक भवन बनिसकेका तर पुर्जा प्राप्त नभएका कार्यालय लाई पुर्जा उपलब्ध गराउन पहल गरिने छ।

## आदरणीय सभाका सदस्यज्यूहरु,

अन्त्यमा, **"स्वास्थ्य, शिक्षा, कृषि र पुर्वाधार, ढकारीका बलिया आधार"** भन्ने मुल नारा लाई स्थापित गर्न यो नीति तथा कार्यक्रमको महत्वपूर्ण योगदान रहने विश्वास लिएको छु। सबल र समृद्ध गाउँपालिका निर्माणमा साथ दिनुहुने सम्पूर्ण गाउँपालिकाबासी, नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, राजनीतिक दल, विकास साझेदार संस्था, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, संचार जगत, सुरक्षाकर्मी, नागरिक समाज, गैह्र सरकारी संघ संस्था वर्तमान र निवर्तमान जनप्रतिनिधिहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा यहाँहरुको सक्रिय सहयोगको अपेक्षा गर्दछु ।

## धन्यवाद !!

**प्रकाश बहादुर साउँद**
**अध्यक्ष**
**ढकारी गाउँपालिका**
**ढकारी, अछाम**